
यौन हिंसा
खबरदार ! छोलास् मलाई !
खबर्दार ! मेरो जीउमा छुने चेष्टा नगर्नुस सर !



# बलात्कार (जबरजस्ती करणी) जघन्य अपराध हो ।

**कसैले कुनै महिलाको मञ्जुरी नलिई यौन सम्बन्ध राखेमा वा मञ्जुरी लिएर पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिका वा किशोरीसँग यौन सम्बन्ध राखेमा त्यस्तो महिला वा बालिकालाई बलात्कार (जवर्जस्ती करणी) गरेको मानिनेछ ।**

### कस्तो मञ्जुरीलाई मञ्जुरी मानिने छैन ?

- करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,
- जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी सजायको व्यवस्था गरिएको छ ।
- पतिले पत्नीलाई उसको इच्छा बिपरित यौन सम्बन्ध राखेमा जवरजस्ती करणी गरेको मानिन्छ र सो गरेमा पाँच वर्ष सम्म कैद हुनेछ ।

### जबरजस्ती करणी भएमा हुने थप सजाय हुने अवस्थाहरू

- मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) भएमा,
- अन्य सरूवा यौनरोग भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएकोमा,
- सामूहिक रूपमा जवर्जस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रूपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा
- सात पुस्ता सम्म नाता भएको व्यक्ति हो भन्ने जानीजानी त्यस्तो व्यक्तिसँग करणी गरेमा

### जवरजस्ति करणी कसुरमा कसले, कसरी, कहिले र कहाँ उजुरी दिनुपर्छ ?

- घटना भएको थाहा पाउने जो सुकैले घटना भएको मितिले एक वर्ष भित्र प्रहरी चौकीमा लिखित वा मौखिक उजुरी गर्न सक्नेछ ।

### कस्तो इजलासमा सुनुवाई हुन्छ ?

- यौनसँग सम्बन्धित अपराधको मुद्दाको सुनुवाई बन्द इजलासमा हुन्छ । बन्द इजलास भन्नाले मुद्दासँग सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित र निजको संरक्षक, अड्डाले अनुमति दिएको प्रहरी र अदालतका सम्बन्धित कर्मचारीमात्र मुद्दाको कारवाही भइरहेको इजलासमा उपस्थित हुन सक्दछन् ।

### यौनजन्य दुर्व्यवहार

महिलाको ईच्छा विपरीत तथा बालबालिकामाथि (मञ्जुरी लिएर वा नलिई) यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा, यौन अङ्गहरू तथा संवेदनशील अंगहरूमा छुनसुम्सुम्याएमा, अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सूचना प्रविधि, साधन प्रयोग वा प्रदर्शन गरेमा, लेखेर, बोलेर वा इशाराले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा, यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा, यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा त्यस्ता कार्यलाई यौनजन्य दुर्व्यवहारको कसुर मानेको छ ।

### कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार

- कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेमा निजलाई कसूरको प्रकृति हेरी ६ महिनासम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।

### बलात्कार र यौनजन्य हिंसा भएमा के गर्ने ?

- आफूले विश्वास गर्ने व्यक्तिलाई यसको बारेमा जानकारी गराउनु पर्दछ ।
- बलात्कार भएमा यसको उजुरी प्रहरी कार्यालयमा गर्नुपर्दछ ।
- प्रमाण नष्ट नहुँदै स्वास्थ्य परिक्षण गराउनुपर्दछ ।
- १२० घण्टा (जतिसक्दो छिटो) भित्र आकस्मिक गर्भ निरोध चक्की सेवन गर्नुपर्दछ ।

**बलात्कार तथा यौन दुर्व्यवहार एक दण्डनीय अपराध हो । यस्तो अपराध विरूद्ध हामीले आवाज उठाएनौं भने यस्ता अपराधमा संलग्न व्यक्तिको मनोबल बढ्दछ र यस्तो अपराधा दिनप्रतिदिन समाजमा बढ्दै जान्छ । यसर्थ यसका विरूद्ध आफू पनि बोलौं र अरूलाई पनि बोल्न प्रेरित गरौं ।**


घरेलु हिंसा
तेजाब
दाइजो !
दाइजो र लेनदेन भन्दा सम्बन्ध ठुलो हुन्छ, दाइजो माग्नु र त्यस्को निउँमा हिंसा गर्नु ठुलो अपराध हो , बुझ्यौ ?।



# घरेलु हिंसा दण्डनीय अपराध हो ।

**घरेलु सम्बन्ध भएको परिवारका एक सदस्यले सोहि परिवारको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक हिंसालाई घरेलु हिंसा भन्दछन् ।**

- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने पीडित वा जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखिक उजुरी दिन सक्दछ ।
- यस्तो कसूर भएमा कसुर गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्ने हुन्छ ।
- घरेलु हिंसा कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने ब्यवस्था मिलाइएको छ ।
- यसका साथै घरेलु हिंसाका पीडितलाई जिल्ला कानूनी सहायता समितिबाट निशुल्क कानूनी सहायता सेवा उपलब्छ हुन्छ भने जिल्ला अदालतबाट निशुल्क वकिलको पनि व्यवस्था गरिएको छ ।

**नेपालको कानुनले निम्न ४ प्रकारको घरेलु हिंसा गरेमा त्यसलाई दण्ड सजायको व्यवस्था गरेको छ ।**

**१) शारीरिक यातना:** कुटपिट गर्ने गैर कानुनी रूपमा थुनामा राख्ने, शारीरिक चोट पुर्‍याउने तेजाव वा त्यस्तै अन्य कुनै पदार्थ छर्किई वा सो पदार्थले पोली डामी, दली, घसी जीउमा पिडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरूप पारिदिने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य पर्दछ ।

**२) मानसिक यातना :** डरधाक देखाउने वा धम्की दिने त्रासपूर्ण व्यवहार गर्ने गाली गलौज गर्ने झुठा कुरा लगाउने, घरबाट निकाला गर्ने वैचारिक धार्मिक, सांस्कृतिक, प्रथा परम्पराका आधारमा भेदभाव गर्ने रूपरंग शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक संतुलन गुमाउने वा आत्महत्या गर्न दुरुत्साहन दिने वा आत्माहत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले वा मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेत जनाउँछ ।

**३) यौनजन्य यातना :** महिलालाई यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुर्‍याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य भनेकाले यौनजन्य दुर्व्यवहार, बिरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल पत्रपत्रिका वा सिनेमा देखाई सोहि अनुसार यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कार्यहरू महिलामाथि हुने यौनजन्य यातना हुन् ।

**४) आर्थिक यातना :** महिलालाई सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरको सम्पत्ति बेचबिखन गर्दा महिलाको सहमती नलिनु, आय-आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुचँ नहुनु जस्ता कार्य पर्दछन् । आर्थिक यातना शव्दले महिलाको हकमा दाईजो माग गर्ने दाईजो ल्याउन दवाव दिने वा दाईजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

**सहयोगका लागि उजुरि गर्ने निकायहरू :**

- प्रहरी कार्यालय
- राष्ट्रिय महिला आयोग :
- स्थानीय निकाय
- नगरपालिका/गाउँपालिका (उपमेयर/उपप्रमुख), वडा कार्यालय,

**समस्या परेमा सहजै खबर गर्न सकिने नम्बरहरू**

- लैङ्गिक हिंसा हेल्पलाइन (राष्ट्रिय महिला आयोग) : ११४५
- प्रहरी कार्यालय : १००
- ओरेक हटलाइन -१६६००१७८९१०
- बाल हेल्पलाइन (बालबालिकामाथि हुने हिंसाका लागि) : १०९८